आ.व.२०८२/८३

# बैठक नं. ९

य:            बजे

मितिः२०८२/१०/१९

(त्र)कोट गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेयज्यूको अध्यक्षता तथा बमोजिमका कार्यपालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नअनुसारको माथि छलफल गरी देहाय अनुसारका निर्णय गरियो।

| | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | कमला | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | भगवती | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री राजन पाण्डे | सदस्य सचिव | | |

उपस्थितीहरू

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि [illegible] | प्रशासकीय अधिकृत | |
| | | | |
| | | | |
| | सावित्रा पाण्डे भण्डारी | का.स. | |

मिति २०८२/१०/१९ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु बैठक नं ९

समयः-बिहान ९ बजे

प्रस्तावनाहरूः

| क्र.स | कार्यसूचीको विषय | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा । | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| २ | सडक बोर्ड नेपालसँगको साझेदारीमा सञ्चालन गर्ने योजना छनोट सम्बन्धमा। | अध्यक्षज्यू बाट | |
| ३ | छत्रकोट गाउँपालिकाको विपन्न नागरिक मृत्यु संस्कार खर्च कार्यक्रम कार्यविधि,२०८२ स्वीकृत गर्ने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ४ | स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा रोजगार संयोजक बाट | |
| ५ | गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम सञ्चालनका लागि तालिम कार्यक्रम सञ्चालन सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा उद्यम विकास सजकर्ता बाट | |
| ६ | आ.ब. २०८३/८४ का लागि समपुरक र विशेष अनुदानका लागि पेस गर्ने आयोजना/कार्यक्रम छनोट गर्ने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा योजना शाखा प्रमुख बाट | |
| ७ | क्रिकेट विकास समितिलाई रकम भुक्तानी गर्ने सम्बन्धा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ८ | जग्गा प्लटिङ सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ९ | स्वघोषणा सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |

निर्णयहरूः

१. छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२ पुष २५ गते बसेको बैठकका निर्णयहरू कार्यान्वयनको अवस्था बारेमा समीक्षा गरियो, निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

२. सडक बोर्ड नेपालबाट स्थानीय सडकको मर्मत संभारका लागि रु ५,००,०००/-(अक्षरेपी पाँच लाख मात्र) बजेट व्यवस्था भएकाले गाउँपालिकाबाट साझेदारी गर्नुपर्ने २० प्रतिशत रकम समेत गरी ६,२५,०००/- (अक्षरेपी रु छ लाख पच्चीस हजार मात्र) बजेट बाट यस कार्यालयबाट वडा नं. ५ को कार्यालय जोड्ने सडक अन्तर्गत सुनारटोला देखि वडा नं.५ को कार्यालय जाने सडक स्तरोन्नती योजना(PCC M15) सञ्चालन गर्ने निर्णय गरियो।

३. छत्रकोट गाउँपालिकाको विपन्न नागरिक मृत्यु संस्कार खर्च कार्यक्रम कार्यविधि,२०८२ सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

४. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ११ को उपदफा १ मा व्यवस्था भएको स्थानीय कार्यक्रम कार्यान्वयन समितिमा पदेन सदस्य बाहेकका देहायबमोजिमका सदस्य मनोनित गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

तपसिलः-

(१)स्थानीय तहमा रहेका बैङ्क तथा वित्तीय संस्थाको प्रतिनिधीः-साइन रेसुङ्गा डेभलपमेन्ट बैङ्क खर्ज्याङ्ग शाखाका प्रमुख विष्णु वि.क.

(२)प्रतिनिधि, उद्योग वाणिज्य संघ (स्थानीय)को तर्फवाट व्यवसायी चुन्न प्रसाद कंडेल,छत्रकोट-४

५. गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम सञ्चालनका लागि तपसिलको स्थानमा देहायबमोजिका तालिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

तपसलः-

| क्रम सङ्ख्या | तालिमको नाम | सञ्चालन गर्ने स्थान |
|---|---|---|
| १. | सिलाई कटाई एडभान्स तालिम/प्रविधि हस्तान्तरण | छत्रकोट-५,मनभाक |
| २. | मकैको पोस्कर बाट टोपी ब्याग लगायतका सामाग्री बनाउने तालिम | छत्रकोट-६,दौघा |

. आ.ब. २०८३/८४ का लागि समपुरक र विशेष अनुदानका लागि तपसिलबमोजिमका आयोजना तथा कार्यक्रम पेस सर्वसम्मत निर्णय गरियो।

तपसिलः-

माग गर्ने समपुरक योजना विवरण

| प्राथमिकता क्रम सङ्ख्या | योजनाको नाम | आवश्यक बजेट | कैफियत |
|---|---|---|---|
| १ | हर्दिनेटा दर्लाम देखी बडडाँडाँ हुँदै खर्ज्याङ वडा कार्यालय सम्म मोटरबाटो कालोपत्रे आयोजना | ९३ लाख मात्र | क्रमागत योजना (अन्तिम बर्ष) |
| २ | चण्डिस्थान देखि सातमुरे खण्ड स्तरोन्नती योजना,छत्रकोट-४,गुल्मी | ६ करोड ९५ लाख | नयाँ योजना बहुवर्षिय(२ बर्ष) |

ग गर्ने विशेष योजना विवरण

| थमिकता ्रम ङ्ख्या | योजनाको नाम | आवश्यक बजेट | कैफियत |
|---|---|---|---|
| | छत्रकोट गाउँपालिकामा पोषणमैत्री स्थानीय शासन अवलम्बन गर्ने गाउँपालिका स्थापना सम्बन्धी कार्यक्रम | २,५०,००,०००/- | |
| | छत्रकोट कृषि विकास कार्यक्रम | २,००,००,०००/- | |

७. मिति २०८२/८/२० देखि २०८२/८/२२ गते सम्म इस्मा गाउँपालिकाले आयोजना गरेको गाउँपालिका स्तरीय क्रिकेट प्रतियोगितामा यस गाउँपालिकाबाट खेलाडी सहभागि हुँदा खेलाडी व्यवस्थापनका लागि खर्च भएको पेस गरेको रकम रु ६६,५५०।—(अक्षरेपी छैसठ्ठी हजार पाँच सय पचास रुपैयाँ मात्र) मध्ये रु ४०,०००/-(अक्षरेपी चालिस हजार मात्र) छत्रकोट क्रिकेट विकास समितिका नाममा भुक्तानी दिने निर्णय गरियो।

८. यस छत्रकोट गाउँपालिकामा जग्गा प्लटिङ वा खण्डीकरणको सम्भावना हाल सम्म नदेखिएकाले सो सम्बन्धमा तत्काल कुनै कानून निर्माण प्रक्रिया अगाडी नबढाउने निर्णय गरियो।

९. यस छत्रकोट गाउँपालिकामा आ.ब.२०८१/८२ र २०८२/८३ मा आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगरेको बेहोरा स्व:घोषणा गर्ने सर्वसम्मत निर्णय गरियो।